कम्पनी दर्ता नं: १२८३६७/०७१/०७२

ने.रा.बैक/इ.प्रा./"घ"/४३/२०७१/०७२

# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त प्रदेश नं. १ स्तरीय "घ" वर्गको वित्तीय संस्था)

केन्द्रीय कार्यालय, इटहरी-०४, सुनसरी, फोन नं-०२५-५८८१७७,१७८

## Unaudited Financial Results (Quarterly)

**As at 2nd Quarter (2079.09.30) of the Fiscal Year 2079/080**

*(Rs. In '000')*

| S. No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1510518.86** | **1492846.73** | **1338102.47** |
| 1.1 | Paid-up Capital | 85800.00 | 85800.00 | 85800.00 |
| 1.2 | Reserves and Surplus | 53905.15 | 51682.91 | 40574.73 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 994304.24 | 980768.00 | 899611.78 |
| 1.5 | Deposits (a+b) | 285428.26 | 284161.84 | 231453.16 |
| | a. Domestic Currency | 285428.26 | 284161.84 | 231453.16 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 91081.21 | 90433.99 | 80662.80 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1510518.86** | **1492846.73** | **1338102.47** |
| 2.1 | Cash & Bank Balance | 22825.55 | 21277.04 | 29438.48 |
| 2.2 | Money at call and short Notice | 56387.90 | 31099.73 | 74349.85 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 1367008.11 | 1374448.41 | 1163199.82 |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 1367008.11 | 1374448.41 | 1163199.82 |
| 2.5 | Fixed Assets | 8032.59 | 7922.21 | 9634.83 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 55264.71 | 57099.34 | 60479.47 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 99609.46 | 46042.33 | 74038.09 |
| 3.2 | Interest Expense | 68549.07 | 32470.49 | 37578.91 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **31060.40** | **13571.83** | **36459.18** |
| 3.3 | Fees Commission and Discount | 296.07 | 155.82 | 274.84 |
| 3.4 | Other Operating Income | 6701.97 | 4149.56 | 7724.26 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **38058.43** | **17877.22** | **44458.29** |
| 3.6 | Staff Expenses | 22667.47 | 12027.55 | 21050.29 |
| 3.7 | Other Operating Expenses | 12021.43 | 3846.60 | 6831.49 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **3369.54** | **2003.07** | **16576.50** |
| 3.8 | Provision for Possible Loss | | 1296.13 | 850.09 |
| **D** | **Operating profit (C-3.8)** | **3369.54** | **706.94** | **15726.41** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 585.77 | | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **3955.31** | **706.94** | **15726.41** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **3955.31** | **706.94** | **15726.41** |
| 3.12 | Provision For Staff Bonus | 395.53 | 70.69 | 1572.64 |
| 3.13 | Provision For Tax | 1067.93 | 190.87 | 4246.13 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **2491.85** | **445.37** | **9907.64** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.40% | 9.25% | 9.74% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 3.53% | 4.66% | 3.74% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 26.25% | 22.76% | 30.86% |
| 4.4 | Cost of Funds | 9.55% | 8.62% | 8.79% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 478.93% | 483.69% | 502.56% |

| | |
|---|---|
| 1. Deposit : 2% - 13% | 1. Loans and advance : 15% |

Note: Above position & performances are subject to change if instructed by statutory auditor and regulatory authority.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४
### (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ५.८१ | २३८.९६ | १६२.८३ | १,७६०.५१ | १७.६५ |

२. **ब्यवस्थापकीय विश्लेषण:**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : समग्र वित्तीय क्षेत्रनै तरलता अभावमा गुज्रिरहेको र सोको कारण अर्थव्यवस्थामा परेको प्रतिकुल प्रभावले लगानी योग्य फण्डको अभाव साथै फण्डको लागतमा भएको अस्वभाविक वृद्धीले यस वित्तीय संस्थाको कर्जा लगानी विस्तारमा कमि हुनाले संस्थाको आम्दानीमा प्रत्यक्ष असर परेको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : प्रदेश नं. १ कार्यक्षेत्र रहेको यस वित्तीय संस्थाले प्रदेशका ८ वटा जिल्लाहरुमा २५ वटा शाखा कार्यालयबाट १९१३८ सदस्यहरु मार्फत लघुवित्त कार्यक्रम सञ्चालन गरी विपन्न वर्गका ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान सिकाउँदै विपन्न वर्गहरु माझ गुणस्तरीय वित्तीय पँहुच पुऱ्याउदै आईरहेको छ। संस्थाले नियामक निकायको निर्देशनको अधिनमा रही ग्राहकको भावना अनुरुप बचत, कर्जा र अन्य सुविधाहरुमा समेत समय सापेक्ष रुपमा परिमार्जन गर्दै प्रदेश नं. १ भित्रका दुर-दराज स्थानहरुमा वित्तीय सेवा विस्तार गरी विपन्न वर्गहरुमा सरल र सुलभ ढङ्गले बैकिङ्ग पहुँच पुऱ्याउने लक्ष्य राखेको छ।

तथापी, समिक्षा अवधिमा वित्तीय क्षेत्रमा देखिएको लगानी योग्य पुँजीको अभावका कारण थप शाखा स्थापना तथा कर्जा लगानी विस्तार गर्न वित्तीय स्रोतको अभाव भएको, कर्जा तथा बचत असुलीमा प्रभाव परेको भएतापनि समय सापेक्ष रुपमा सदस्यहरुको आवश्यकता बमोजिम संस्थाले कर्जा, बचत र अन्य सेवा सुविधाको गुणस्तर वृद्धी गर्दै संस्थालाई आगामी अवधिमा सबल एवम सक्षम संस्थाको रुपमा स्थापित गर्नेमा व्यवस्थापन दृढ संकल्पित रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त संस्थाको बाक्लो उपस्थितीले सदस्यमा हुन गएको कर्जाको दोहोरोपना आदीले असर गरिरहेको, विगत १ वर्षदेखी वित्तीय क्षेत्रमा भएको तरलता अभाव र सोको कारण वृद्धी भईरहेको व्याजदर, लघुवित्त संस्थाहरुमा रहेको अस्वस्थ प्रतिस्पर्धाका कारण चुनौतीहरु वृद्धी हुने क्रम यथावत रहेको साथै आर्थिक गतिविधी प्रभावकारी रुपमा अघि बढन नसकेकोले संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने देखिन्छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) समिक्षा अवधिमा संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन।

ख) समिक्षा अवधिमा वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ग) यस अवधिमा कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा वित्तीय संस्था तटस्थ रहेको छ। यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने आधारभूत सूचनाहरु प्रचलित ऐन नियमको परिधी भित्र रही प्रवाहित गर्ने गरेको छ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट बाट प्राप्त विवरण अनुसार गत त्रैमासिक अवधिको शेयर कारोबार निम्न अनुसार भएको देखिन्छ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.१,५००।- | रु.१,१४५।- | रु.१,३८८।- | ५२ दिन | ४७३ |

५. समस्या तथा चुनौती : समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण।

**आन्तरिक तथा बाह्य समस्या तथा चुनौतीहरु:** वित्तीय क्षेत्रमा देखिएको लगानी योग्य पुँजीको अभावका कारण सिमित वित्तीय स्रोत तथा साधन, दक्ष जनशक्तिको कमि, बढ्दो सञ्चालन लागत र घट्दो खुद व्याजदर अन्तर आदी वित्तीय संस्थाको आन्तरिक चुनौतीका रुपमा रहेका छन। साथै, नियतवश कर्जा नतिर्ने सदस्यहरुबाट लघुवित्त वित्तीय संस्था विरुद्ध गरिदै आएको नकरात्मक सन्देश प्रवाह, नियामक निकायको निती तथा नियममा आउन सक्ने परिवर्तनहरु, तरलतामा हुने उतार, चढाव, कर्जाको दोहोरोपना तथा लघुवित्त संस्थाहरुबिच अस्वस्थ प्रतिस्पर्धा, ग्राहक सदस्य र ऋणीहरुमा व्यवसायिकता, वित्तीय साक्षरता र अनुपालनाको कमी आदी वित्तीय संस्थाको बाह्य चुनौतीका रुपमा रहेका छन।

**रणनीतिहरु** : लगानीमा विविधीकरण गर्दै जोखिम कम गरी विपन्न वर्गका ग्राहकहरुमा वित्तीय सेवा विस्तार गर्ने, कृषि तथा उत्पादनमूलक कर्जालाई प्राथमिकता दिदै खर्चमा मितव्ययिता अपनाउने, पुराना र दक्ष कर्मचारीहरुले संस्था छाड्ने दरलाई न्युनिकरण गर्ने, कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि समय समयमा आन्तरीक तथा बाह्य रुपमा तालिम, गोष्ठी, वित्तीय साक्षरता जस्ता कार्यक्रम सञ्चालन गरी सहभागिता गराउने, व्यवसायिक दिगोपनामा सुधार गर्दै प्रतिस्पर्धी क्षमता बढाउने, वित्तीय जोखिम व्यवस्थापनका लागि सुक्ष्म रुपमा विश्लेषण गरी विवेकशिल जोखिम व्यवस्थापन नितीलाई अंगिकार गर्दै जाने रणनीतिहरु रहेको छ।

६. **संस्थागत सुशासन** : नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३ (संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ। वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियामवली, आन्तरिक लेखापरिक्षण निर्देशिका, सूचना प्रणाली निती, सम्पति शुद्धीकरण अनुगमन निर्देशिका र अन्य आन्तरिक आवश्यक निती निर्देशिकाहरु तयार गरी लागू गरिएको छ। त्यसैगरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पति शुद्धीकरण अनुगमन समिती गठन गरी कार्यान्वयनमा ल्याइएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोष गर्दछू कि मैले जाने बूझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सु-सूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।